# चौकुने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गुटु, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

खण्ड :२ संख्या:७ मिति :२०७७ चैत्र २

## स्वास्थ्य तथा सरसफाई ऐन २०७७

**प्रस्तावना:** ऐन न ६

चौकुने गाउँपालिका वासीहरुलाई संविधान प्रदत्त स्वास्थ्य सेवा सम्बन्धी संवैधानिक व्यवस्था सम्बन्धी हक र अधिकार सुनिश्चित गर्न र "नेपालको संविधानको धारा ५७ राज्यशक्तिको बाँडफाँडको उपधारा (४) को स्थानीय तहको एकल अधिकार अनुसूची-८ र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ उल्लेखित विषयमा निहित रही साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ को उप–दफा २ (१) को (झ) मा व्यवस्थित काम कर्तव्य र अधिकारको प्रयोजनको लागि र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (झ) (१) मा प्रत्यायोजन गरिएको अधिकार प्रयोग गरी गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत साधनको व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका साथै समग्र स्वास्थ्य क्षेत्रको विकासका लागी चौकुने गाउँपालिकाको क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य क्षेत्रमा सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार तथा विकास गर्न, गराउन स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार चौकुने गाउँपालिकाको गाउँ सभावाट चौकुने गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ पारित गरिएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस ऐनको नाम चौकुने गाउँपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ रहेको छ ।

(ख) यो ऐन गाउँसभाबाट स्वकृित भई स्थानीय राजपत्रमा प्रकाशित भएको दिन देखी लागु हुनेछ ।

**२.परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क)**"अध्यक्ष"** भन्नाले चौकुने गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख)"**उपाध्यक्ष**" भन्नाले चौकुने गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।
(ग)"**ऐन**" भन्नाले चौकुने गाउपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७७लाई सम्झनु पर्छ ।
(घ)"**कार्यपालिका**" भन्नाले चौकुने गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।
(ङ)"**गाउँपालिका**" भन्नाले चौकुने गाउपालिका सम्झनु पर्छ ।
(च)"**गाउँसभा**" भन्नाले चौकुने गाउँपालिकाको गाउँ सभालाई वुझ्नुपर्छ ।
(छ)"**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले चौकुने गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।
(ज)"**वडा अध्यक्ष**" भन्नाले चौकुने गाउँपालिकाका वडा अध्यक्ष सम्झनुपर्छ ।
(झ)"**वडा समिति**" भन्नाले चौकुने गाउँपालिकाको वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाइ सम्झनुपर्छ ।
(ञ)"**स्वास्थ्य शाखा**" भन्नाले चौकुने गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागी तोकिएको शाखा सम्झनुपर्छ ।
(ट)"**सरकारी स्वास्थ्य संस्था**" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य सेवा केन्द्र,सामुदायिक स्वास्थ्य इकाई, आयुर्वेद तथा बैकल्पीक स्वास्थ्य सेवा प्रदान गर्नेस्वास्थ्य सेवा केन्द्रहरु लगायत अन्य स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।
(ठ)"**गैह सरकारी स्वास्थ्य संस्था**" भन्नाले निजी क्षेत्र, ट्रष्ट वा लोककल्याणकारी, गुठी लगायतका संस्थाहरुबाट सेवाको साथसाथै नाफामूलक वा गैह नाफामुलक उदेश्यले गाउँपालिका भित्र संचालति सबै प्रकारका स्वस्थ्य संस्थाहरु संघ-संस्थाहरु (जस्तै अस्पताल,पोलिक्लिनिक क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधार केन्द्र, फार्मेसी अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) लाई सम्झनु पर्दछ ।
(ड)"**स्वास्थ्य सेवा व्यबसाय**" भन्नाले स्वास्थ्य उपचारको लागी चाहिने सवै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ओसार, पसार भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यबसायलाई वुझ्नुपर्छ ।
(ढ)"**स्वास्थ्य सेवा व्यवस्थापन समिति**" भन्नाले ऐनको दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।
(ण)"**व्यवस्थापन समिति**" भन्नाले ऐनको दफा ८ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।
(त)"**अनुगमन उप समिति**" भन्नाले ऐनको दफा ७ अन्तर्गत बनेको स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिसचितता उप समिति सम्झनुपर्दछ ।
(थ)"**संघीय जनस्वास्थ्य ऐन**" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ ।
(द)"**आधारभूत स्वास्थ्य सेवा**" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्कता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्धानात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनःस्र्थानात्मक सेवा सम्झनु पर्छ ।
(ध)"**निर्देशिका**" **वा** "**कार्यविधि**" भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका वा कार्यविधि सम्झनु पर्छ ।
(न)"**चिकित्सक तथा स्वास्थ्यकर्मी**" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।
(प)"**आकस्मिक स्वास्थ्य सेवा**" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ ।
(फ)"**तोकिएको**" **वा** "**तोकिए बमोजिम**" भन्नाले यस ऐन बमोजिम बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।
(ब)"**सेवाग्राही**" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ ।
(भ)"**सेवा प्रदायक**" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालीम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।
(म)"**स्वास्थ्य सेवा**" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमीयोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपञ्चर, सोवारिग्पा (आम्ची) चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रवर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक र प्रशामक (पालिएटिभ) सेवा सम्झनु पर्छ ।

## परिच्छेद २

## आधारभुत स्वास्थ्य सेवा र सेवा प्रदायक सम्बन्धी व्यवस्था

**३.आधारभूत स्वास्थ्य सेवा** :-(१) संघीय जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ (झ) मा तोकिय बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गतका तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ :-

(क) खोप सेवा

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा

(ग) सरूवा रोग सम्बन्धी सेवा

(घ) नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्धी सेवा

(ङ) मानसिक रोग सम्बन्धी सेवा

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा ।

(२) उपदफा (१) बमोजिमको आधारभूत स्वास्थ्य सेवा गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका स्वास्थ्य संस्था मार्फत उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता पनि स्थानीय आवश्यकता, औचित्यता र स्रोतको उपलब्धताका आधारमा कार्यपालिकाले आधारभूत स्वास्थ्य सेवाहरूको सूची थप गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम थप गरिएका आधारभूत स्वास्थ्य सेवाको लागि गाउँपालिकाले थप स्रोतको व्यवस्थापन गर्नेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र पर्ने संघीय र प्रदेश सरकार मातहतमा संचालित कुनै स्वास्थ्य संस्था मार्फत वा गैरसरकारी तथा निजी स्वास्थ्य संस्थावाट संचालित स्वास्थ्य संस्थासँग सम्झौता गरी आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन सक्नेछ । तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरु लगायत सेवा सम्बन्धि अन्य सहायताहरु प्राप्त गर्न सक्नेछ ।

(६) गाउँपालिका क्षेत्र भित्र सञ्चालित प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने आधारभूत स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तब्य समेत खुल्ने गरी सबैले देख्ने स्थानमा सार्वजनिक रुपमा राख्नु पर्नेछ

(७) उपदफा (१) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग, समुह, लिङ्ग, वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

**४.आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः** (१) स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

**(क) सरकारीः** सरकारी स्वामित्वमा गाउँपालिका भित्र संचालन भएका प्रतिष्ठान, प्राथमिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र,सामुदायिक स्वास्थ्य इकाइ,आयूर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयूर्वेद केन्द्रहरु लगायतका सरकारी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ख) निजीः** निजी क्षेत्रद्वारा संचालित मेडिकल कलेज, अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, निदान केन्द्र, फार्मेसी लगायतका निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ग)सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः** सामुदायिक स्वामित्वमा रहेका र ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन भएका अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक लगायतका स्वस्थ्य सेवा प्रदायकहरु हुनेछन् ।

(२) गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम आधारभुत स्वास्थ्य तथा सरसफाई सेवा प्रवाह व्यवस्थित गर्न र अन्य गतिविधि संचालन गर्नका लागी गाउँ कार्यपालिकाका मातहत सामाजिक विकास शाखा अन्तरगत एक स्वास्थ्य शाखा हुनेछ । स्वास्थ्य शाखाको कार्य विभाजन देहाय बमोजिम हुने छ ।

(क) आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन

(ख) राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण

(ग) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन

(घ) आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन

(ङ) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

(च) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

(छ) सरसफाई सचेतनाको अभिवृद्धि

(ज) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा

(झ) औषधि पसल सञ्चालन र नियमन

(ञ) औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण

(ट) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन

(ठ) औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन

(ड) औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण

(ढ) औषधि र स्वास्थ्य उपकरणको खरीद, भण्डाण र वितरण

(ण) स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन

(त) जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)

(थ) प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन

(द) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन

(ध) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन

(न) सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि

(प) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन

(फ) जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन

(ब) सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम

(भ) आकस्मिक स्वास्थ्य सेवा प्रवाह ।

(३) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न स्वास्थ्य शाखा अन्तर्गत आवश्यकता अनुसार इकाईहरु बनाउन सक्नेछ ।

## परिच्छेद ३
## स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिती सम्बन्धी व्यवस्था

**५.गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिः** (१) गाउँपालिको स्वास्थ्य क्षेत्रको नीति, रणनीतिहरु निमार्ण तथा कार्यन्वयन गर्न गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी, नीजि, सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी स्वास्थ्य संस्थाहरुको रेखदेख समन्वय, अनुगमन, नियमन र व्यवस्थापन गर्न देहाय बमोजिमको गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको गठन गरिने छ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष

(ग) सामाजिक बिकास समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(च) स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(छ) कार्यपालिका सदस्यहरुमध्येवाट गाउँपालिका अध्यक्षले तोकेको १ जना महिला र दलित १ जना सहित २ जना सदस्य

(ज) स्वास्थ्य क्षेत्रका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी गाउँपालिका अध्यक्षले तोकेको १ जना- सदस्य

(झ) स्वास्थ्य क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्था तथा नीजि क्षेत्रको प्रतिनिधीत्व हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ञ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख  - सदस्य सचिव

**६.गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति को काम, कर्तव्य र अधिकार :** (१) गाउँस्वास्थ्य सेवा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) गाउँपालिकाको क्षेत्राधिकार भित्रको स्वास्थ्य सेवा तथा सरसफाईको तथ्याङ्कहरु विश्लेषण गरि गाउँपालिकाको आवश्यकतामा आधारित भएर स्वास्थ्य तथा सरसफाइ सम्बन्धि बार्षिक तथा आवधिक योजनाहरु तयार गर्न सामाजिक विकास समिति सहयोग गर्ने ।

(ख) गाउँपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने,

(ग) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवसायहरु संचालनका लागि अनुमति, स्वीकृति, स्वास्थ्य संस्था स्थानान्तरण, समायोजन सम्बन्धी गाउँ कार्यपालिकालाई आवश्यक सिफारिस /राय प्रदान गर्ने ।

(घ) स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यवस्थपनका लागी आवश्यक जनशक्ति लागयत अन्य श्रोत साधन जुटाउने र प्रभावकारी परिचालन गर्ने गराउने ।

(ङ) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यबसायहरूलाई गुणस्तरिय,मर्यादित र व्यवस्थित बनाउने,

(च) गाउँपालिका वाट स्थापना भएका स्वास्थ्य संस्थाहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु सम्बन्धमा कार्यपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(छ) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यबसाय र व्यवस्थापन समितिहरुलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(झ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरूको अनुगमन, सुपरीवेक्षण तथा मुल्याँकनको लागि आवश्यक व्यवस्था मिलाउने ।

(ञ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन सम्झौता अनुकुल हुने गरि सहयोगात्मक सुपरिवेक्षण गर्ने ।

(ठ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारणका लागि कार्यपालिका समक्ष सिफारीस गर्ने ।

(ड) स्वास्थ्य संस्थामा स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने ।

(ढ) स्वास्थ्य सेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ण) गाउँकार्यपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(त) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार-उपकरण, औषधि तथा औषधि जन्य सामाग्रीको उचित उपयोग, संरक्षण र व्यबस्थापन गर्ने गराउने ।

(थ) गाउँकार्यपालिकामा स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्यरत स्थानिय /निजि तथा गैह सरकारी संघ संस्थाहरुसंग समन्वय तथा आवश्यक परामर्श गर्ने ।

(द) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(२) गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवले कम्तिमा चौमासिक रुपमा समितिको बैठक बोलाउनु पर्ने छ तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्ने छ ।

**७.गाउँपालिका स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिर्सचितता उप समितिः** (१) गाउँपालिका क्षेत्र भित्ररहेका सरकारी तथा गैह्सरकारी स्वास्थ्य संस्थाहरुबाट प्रवाह भईरहेको स्वास्थ्य सेवाका अनुगमन तथा गुणस्तर सुनिश्चितताका लागि गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको मातहतमा रहने गरी देहाय बमोजिमको स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उप-समिती रहने छ ।

(क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

(ख) सामाजिक बिकास समिति संयोजक - सदस्य

(ग) गाउँसभाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको १ जना महिला सदस्य - सदस्य

(घ) गाउँपालिका योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य

(ङ) गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिले तोकेको एक जना मेडिकल अधिकृत वा नर्सिङ प्रतिनिधि - सदस्य

(च) स्थानीय उपभोक्ता हित संरक्षण मञ्च को प्रमुख वा प्रतिनिधि एक जना -सदस्य

(छ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिमा स्वास्थ्य संस्थाको सेवाको प्रकृति बमोजिम सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रित सदस्यको रूपमा संलग्न गराउन सकिनेछ ।

(३) गाउँपालिका स्वास्थ्य अनुगमन उप-समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुने हुनेछ ।

(क) स्वास्थ्य कार्यक्रमको विभिन्न चरणमा गर्नुपर्ने अनुगमन तथा मूल्याङ्कनको कार्यविधि निर्धारण गर्ने,सो बमोजिम गाउँपालिका र मातहतका निकायहरूबाट कार्य गर्ने र गराउने

(ख) स्वास्थ्य क्षेत्रको कार्यक्रम कार्यान्वयन तथा सञ्चालनको अनुगमन तथा मूल्याङ्कनका सूचाङ्क तथा सो सम्बन्धी फारामहरू निर्धारण गरी लागू गर्ने ।

(ग) स्वास्थ्य सेवा प्रवाह सम्बन्धि तथ्य/प्रमाण को वारेमा छलफल तथा विश्लेषण गरि अनुगमन योजना बनाइ अभिलेखिकरण गर्ने ।

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरूको अनुगमन, सुपरीवेक्षण तथा मुल्याँकनको लागि आवश्यक व्यवस्था मिलाउने ।

(ङ) अनुगमनको क्रममा देखिएका विषयवस्तुहरुमा आवश्यक सुझाव, अनुशिक्षण तथा लिखित पृष्ठपोषण प्रदान गरी सुधारका लागि कार्ययोजना तयार पार्न सहयोग गर्ने ।

(च) अनुगमन पश्चात प्रतिवेदन तयार पारी गाउँपालिका स्वास्थ्य समितीलाई प्रतिवेदन पेश गर्ने ।

(छ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन सम्झौता अनुकुल हुने गरि सहयोगात्मक सुपरिवेक्षण गर्ने ।

(ज)स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने गराउने ।

(झ) अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण सम्बन्धि कार्यलाई व्यवस्थित र छिटो छरितो बनाउन स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको विकास र विस्तार गरि बिद्युतिय माध्यमबाट आधारभूत बिवरण तथा प्रगति प्रतिबेदनको संचार गर्ने व्यवस्था मिलाउने ।

(ञ) स्वास्थ्य क्षेत्रको अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण सम्बन्धि अन्य समसामयिक गतिबिधिहरु गर्ने, गराउने ।

(४) स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उप-समितीको बैठक समितिको अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवले कम्तिमा चौमासिक रुपमा समितिको बैठक बोलाउनु पर्ने छ तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्ने छ ।

**८.स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति सम्बन्धी व्यबस्थाः** (१) गाउँपालिले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल स्थापना गरी सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले आवश्यक कानूनि व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित अस्पताल संचालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिम रहने गरि अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संरक्षक

(ख) गाउँपालिका भित्र बसोवास गर्ने र गाउँपालिकाले निर्धारण गरे बमोजिमको योग्यता पुगेको व्यक्ती मध्येबाट कार्यपालिकाबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ग) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(घ) सम्वन्धीत अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति-सदस्य

(च) गाउँपालिका स्वास्थ्य शाखाको प्रमुख- सदस्य

(छ) गाउँकार्यपालिकाबाट मनोनित महिला सदस्य एक जना - सदस्य

(ज) गाउँपालिका तहको अस्पतालको नर्सिङ ईन्र्चाज एक जना- सदस्य

(झ) स्थानिय उद्योग व्यापार संघको अध्यक्ष वा प्रतिनिधि-सदस्य

(ञ) गाउँपालिका तहको अस्पतालको मे.सु.- सदस्य सचिव

(३) स्थानिय आवश्यकताको अधारमा गाउँपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको स्तरोन्ती गरी वा नयाँ थप गरि प्राथमिक स्वास्थ्य केन्द स्थापना गरी सञ्चालन गर्न सक्नेछ । यसरी स्थापना भएका प्राथमिक स्वास्थ्य केन्द्र, गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, आयुर्वेद औषधालय र सामुदायिक स्वास्थ्य ईकाईहरुको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष - संरक्षक

(ख) गाउँपालिका भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष - अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एकजना - उपाध्यक्ष

(घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य मध्येबाट एक जना महिला - सदस्य

(ङ) स्थानीय व्यापार संघको प्रतिनिधि एकजना - सदस्य

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना - सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयको वडा सचिव - सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(४) समितिका पदेन सदस्यहरुले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिकोको पहिलो बैठकले उपदफा (३) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।
(५) उपदफा (३) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ । समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्न सक्नेछ ।
(६) व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ,

क. दलित जनजातिबाट १ जना
ख. अपांग,अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट १ जना
ग. किशोरकिशोरीहरुको तर्फबाट १ जना

(७) गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा संलग्न गराउन सकिने छ ।
(८)गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्था  सुनिश्चत गर्नका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्यहरु पनि यसै ऐनमा व्यबस्था भए अनुसार गठीत समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
(९) उपदफा (२) र (३) बमोजिम गठन भएका व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रबाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने।

(घ) स्वास्थ्यको बृहत् सामाजिक सास्कृतिक र आर्थिक निर्धारक तत्वहरुको कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट  मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने।

(ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र स्वास्थ्य सेवा उपभोगको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व–मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ठ) विद्युतीय स्वास्थ्यको अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयनका लागि गाउंपालिका अन्तर्गतका गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति र स्वास्थ्य शाखा संग आवश्यक समन्वय गर्ने ।

(ड) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(१०) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(११) **पदावधि रिक्त हुने** : निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ ।

(१) निर्वाचित पदावधीकारीहरुको हकमा नियमित पदावधी समाप्त भएपछी स्वतः समितिको पदावधी समेत समाप्त हुनेछ ।

(२) राजिनामा दिइ सो राजिनामा स्वीकृत भएमा,

(३) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा ,

(४) फौजदारी अभियोग लागेमा,

(५) मृत्यु भएमा,

(६) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

(७) मानसिक सन्तुलन गुमेको प्रमाणित भएमा ।

(१२) **व्यवस्थापन समितिको बैठक** : (१) व्यवस्थापन समितिको अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवले कम्तिमा महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्ने छ तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्ने छ।

(२) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा वैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ र कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन् तर आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन् ।

(४) व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्ने छ र निजको अनुपस्थितिमा समितिको उपाध्यक्षले अध्यक्षता गर्ने छन । दुबैको अनुपस्थितिमा तोके बमोजिम वा उमेरमा सवैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन् ।

(५) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछन् ।

(६) व्यवस्थापन समितिको वैठक सञ्चालन सम्बन्धी कार्यविधि अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

(१३) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो लागु हुने छैन ।

(१४) **बैंक खाता सञ्चालन** : (१) गाउँपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुले गाउँपालिकाको लेखा प्रणालीमा सामञ्जस्यता हुने गरि छुट्टै बैंक खाता सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम रकेको कोषको बैक खाता संचालन स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष वा  निजले तोकेको समितिको सदस्य र स्वास्थ्य संस्था प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको स्वास्थ्य संस्थाको आयव्यय दुरुस्त राख्ने जिम्मा स्वास्थ्य संस्था प्रमुख वा निजले अधिकार प्रत्यायोजन गरेको कर्मचारीको हुनेछ र स्वास्थ्य संस्थाको वार्षिक लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(१५) **स्वास्थ्य संस्थाको कोष** : (१) गाउँपालिका मातहत रहेका स्वास्थ्य संस्थाको कोषमा देहायका रकमहरु रहनेछन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिने छ ।

(क) गाउँपालिकाबाट प्राप्त रकम ।

(ख) सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम ।

(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

(च) वैदेशिक अनुदान तथा संघ संस्था वा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपनियम (१) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अगाडी प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(१६) **निर्देशन पालना गर्नुपर्ने** : कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद - ४

## स्वास्थ्य शाखा,स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम सेवकसम्बन्धी व्यवस्था

**९.गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखको व्यबस्था** : (१) गाउँपालिकामा स्वास्थ्य शाखा हेर्न गाउँपालिका अर्न्तगत कार्यरत हेल्थ इन्स्पेक्सन समुह मध्येबाट कार्य जेष्ठताको आधारमा कार्यपालिकाले तोकेको एकजना स्वास्थ्य शाखा प्रमुख रहनेछन् । समान तहको हकमा सम्बन्धित बिषयमा उच्च शैक्षिक योग्यता, कार्य जेष्ठता र कार्यसम्पादनको वा कार्यपालिकाको निर्णय अनुसार छनौट गरिनेछ ।

(२) स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार तपशिल बमोजिम हुनेछ ।

(क) गाउँपालिका स्तरीय स्वास्थ्य सेवा व्यवस्थापन समितिः, सामाजिक बिकास समिति र गाउँकार्यपालिका संग सहकार्य र सवन्वय गरि गाउँपालिका स्तरीय तथ्यमा आधारित भई मासिक,चौमासिक र बार्षिक योजना तर्जुमा र बजेट व्यवस्थापन गर्ने ।

(ख) आधारभुत स्वास्थ्य सेवा संञ्चालन, प्रवर्धन, अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(ग) महामारी तथा जनस्वास्थ्य बिपद पुर्व तयारी,प्रतिकार्य र व्यवस्थापन गर्ने ।

(घ) स्वास्थ्य शिक्षा तथा जनस्वास्थ्य सेवाको प्रवर्धनका साथै बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संञ्चालन गर्ने ।

(ङ) महिला स्वास्थ्य स्वंय सेबिका कार्यक्रमको संञ्चालन, प्रवर्धन, अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(च) आवश्यक औषधि, औजार तथा उपकरणहरुको ब्यवस्था मिलाउने ।

(छ) स्थानिय तह अन्तर्गत सञ्चालीत स्वास्थ्य कार्यक्रमको अनुगमन मुल्याकंन तथा सुपरिवेक्षण गर्ने ।

(झ) स्थानिय आवश्यकता अनुसार स्वास्थ्य कार्यक्रमका क्षेत्रहरुमा समुदायको सक्रिय सहभागिता र परिचालन गर्ने ।

(ञ) स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिसंग समन्वय, सहकार्य गरि स्थानिय माग बमोजिको कार्यहरु गर्ने ।

(ट) बिद्यमान स्वास्थ्य र सरसफाई सम्बन्धि निती, कानुन, मापदण्ड तथा योजनाहरु कार्यान्वयन तथा नियमन गर्ने र गराउने ।

(ठ) स्थानिय तहको लागि स्वास्थ्य तथा सरसफाई सम्बन्धि कानुन, निति, रणनिति, मापदण्ड, निर्देशिका लगायत अन्य मार्गदर्शनहरु तयार गर्ने एवं नियमन गर्न सहजिकरण गर्ने।

(ड) गाउँपालिका भित्रका सम्पुर्ण स्वास्थ्य सस्थाहरुले स्वास्थ्य सम्वन्धी तथ्याँकहरु एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीले तोके बमोजिम अभिलेख राख्न मासिक प्रतिवेदन गर्न तथा डि.एच.आई.एस.मा परिवृष्ठ गर्ने व्यवस्था मिलाउने ।

(ढ) स्वास्थ्य शाखा अन्तर्गतका स्वास्थ्य जनशक्तिको व्यवस्थापन तथा क्षमता अभिवृद्धी गर्ने कृयाकलाप सञ्चालन गर्ने ।

(ण) स्वास्थ्य संस्थाहरुबाट हुने तथ्याङ्कहरुको गुणस्तर बृद्धिको लागी नियमित तथ्याङ्कहरुको गुणस्तर परिक्षण गर्ने ।

३.स्वास्थ्य शाखा प्रमुखको अन्य काम कर्तब्य र अधिकार गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०.कर्मचारी व्यवस्थापन** :(१) स्वास्थ्य संस्थामा हाल कार्यरत कर्मचारीहरु स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम नै हाललाई कार्यरत रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यरत कर्मचारीहरु संघ तथा प्रदेश सरकारले गरेका निर्देशन र कर्मचारी समायोजन ऐन बमोजिम हुनेगरी व्यवस्था गरिनेछ ।

(३) गाउँपालिकामा आवश्यक स्थायी दरबन्दि पद पुर्तिका लागि प्रदेश लोकसेवा आयोग गठन नभएसम्म वा स्थानीय सेवा ऐन नबने सम्मका लागि गाउँपालिकाको अनुरोधमा संघीय लोकसेवा आयोगबाट पदपूर्ति गरिनेछ ।

(४) स्थानिय स्रोतबाट करारमा भर्ना गरि कार्यरत कर्मचारीको सेवा, सर्त र सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(५) गाउँपालिका भित्रका सरकारी स्वास्थ्य संस्था मार्फत् आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(क) **स्थायीः**गाउँपालिकाको सेवामा रहेका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका , प्रदेश लोकसेवा मार्फत सिफारीस भई आएका स्वास्थ्यकर्मीहरु,

(ख) **करारः** स्थानीय माग र विशिष्टताका आधारमा गाउँ पालिका, संघ तथा प्रदेश मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(ग)**अभ्यासकर्ताः** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत बिद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा आर्जन गरेका बिद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्य कर्मीको रुपमा गाउँ पालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकतालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सक्ने छ ।

(घ) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य

६.गाउँपालिका अन्तर्गतका स्वास्थ्य सेवाको पदको कार्य बिवरण गाउँपालिकाले तयार गरि लागु गर्न सक्नेछ

**११.स्वास्थ्य अभियानकर्ता तथा महिला स्वास्थ्य स्वयं सेविकाको ब्यबस्थाः** (१) स्वास्थ्य सेवालाई प्रत्येक गाउँ बासीको घरघरमा पहँच पुऱ्याउन र जनचेतना फैलाउन गाउँ पालिकाले स्वास्थ्य आमा समुहबाट महिला स्वास्थ्य स्वयं सेविका छनौट गर्न सक्नेछ ।

(२) गाउँपालिकाले विशिष्टिकृत अवस्थामा स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिसमा तोकिएको प्रक्रिया पुरा गरि स्वास्थ्य अभियानकर्ता नियुक्ती गरि परिचालन गर्न सक्नेछ ।

(३) महिला स्वास्थ्य स्वयंसेविका नियूक्तिका लागि कम्तिमा एस.एल.सी. वा सो सरह उतिर्ण गरेको, २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेका सम्वन्धित वडाको विवाहित महिला हुनुपर्नेछ ।

(४) प्रति ५०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयं सेविका रहने गरि स्वास्थ्य आमा समुहले व्यवस्थापन समिति समक्ष सिफारिस गर्न सक्नेछ ।

(५) व्यवस्थापन समितिले नियुक्त गरेका प्रत्येक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाइ आधारभूत स्वास्थ्य सम्वन्धी तालिम प्रदान गरे पश्चात परिचालन गर्नुपर्नेछ ।

(६) ६० बर्ष उमेर पुगेका कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई कार्यपालिकाले निर्धारण गरे बमोजिमको प्रोत्साहन भत्ताको व्यवस्था गरी अनिवार्य बिदाइ गरिनेछ ।

(७) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, कुनै राजनितिक दलको सदस्यता प्राप्त गरेको व्यक्तिले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

(८) स्वास्थ्य अभियानकर्ता तथा महिला स्वास्थ्य स्वयं सेविका सम्बन्धि अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२.स्वास्थ्यकर्मीको सेवा सुविधाः** (१) गाउँपालिका भित्रको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय कर्मचारी सेवा ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको ऐन नबनेसम्म कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था निज स्थानीय तहमा समायोजन हुँदाका बखत कायम रहेको प्रचलित कानून बमोजिम हुनेछ ।

(२) करार स्वास्थ्यकर्मीको सेवा सुविधा सम्बन्धीत दरबन्दिको प्रचलित तलब स्केल वा दुई पक्षबीचको आपसी समझदारीमा भएको करार सम्झौता बमोजिम हुनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीको हकमा निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकम सम्म उपलब्ध गराउन सकिनेछ ।

(४) महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई वार्षिक रुपमा पोशाक भत्ता,सञ्चार तथा यातायात खर्च, काममा खटाइएमा सो दिनको पारिश्रमिक लगायतका सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वास्थ्यकर्मीको बिदा र सेवा सुविधा सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**१३. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण, नियुक्ति, बढुवा र सरुवा:** (१) सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । आवश्यकताको आधारमा गाउँपालिकाले थप गर्न सक्नेछ ।

(२) उपदफा (१) गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तथा दरबन्दी सृजना वा हेरफेर गर्दा कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार सम्बन्धी, विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(३) नेपाल सरकारले निर्धारण गरेको दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएमा वा कुनै कर्मचारी वेतलवी छात्रवृत्ति प्राप्त गरी वा गाउँपालिकाको स्वीकृतिमा अध्ययन वा असाधारण विदा वसेमा गाउँपालिकाले करारमा कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (३) स्वास्थ्य संस्थामा रिक्त दरबन्दि पदपुर्तिका लागि स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु पदपूर्ति गर्दा योग्यता प्रणाली अवलम्बन गरी खुला प्रतिस्पर्धाबाट छनौट गरी करार सेवामा कर्मचारी नियुक्ति पर्नेछ ।

(५) गाउँपालिकाले आफू अन्तर्गतको स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई सेवा र समुहको अधीनमा रही एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कर्मचारी सरुवा गर्दा लिइने आधार तथा मापदण्ड गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(७) गाउँपालिका भित्रको स्वास्थ्य सेवालाई व्यवस्थित गर्न आफु मातहतको स्वास्थ्य संस्थाको कुनै स्थायी, अस्थायी र करार कर्मचारीलाई अर्को स्वास्थ्य संस्थामा काजमा खटाउन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(९) गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवा वा अतिरिक्त स्वास्थ्य सेवाप्रदान गर्ने प्रयोजन वा समायोजन हुदा वा स्वास्थ्य संस्थाको संगठन संरचना तयार गर्दा फाजिलमा परेको कर्मचारीको पदाधिकार कायम राख्नु पर्ने भएमा विशेष पदको सृजना गर्न सकिनेछ ।

(१०) संघ तथा प्रदेश लोक सेवा आयोगबाट सफल भई सिफारिस भएका स्वास्थ्यकर्मी तथा कर्मचारी लाई प्रमुख प्रशासकीय अधिकृतले दरबन्दी अनुकुल हुनेगरी स्थायी नियुक्ति प्रदान गर्नु पर्नेछ ।

(११) गाउँपालिका अन्तर्गतका स्वास्थ्य सेवाका कर्मचारीको वैयक्तिक विवरण तथा अन्य अभिलेख गाउँपालिकामा अद्यावधिक गरी राख्नु पर्नेछ ।

(१२) स्वास्थ्यकर्मीको सरुवा, बढुवा सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिमको हुनेछ ।

**१४.कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने:** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः

(क) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(ख) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(ग)वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन उप-समितिले तयार पारी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(घ) स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारीहरुलाई सोहि क्षेत्र बाहेकका अन्य काममा लगाउन पाईने छैन ।

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघीय, प्रदेश र गाउँपालिकाले बनाएको स्वास्थ्य सम्बन्धि ऐन नियममा अन्यथा भए बाहेक गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

(च) खण्ड (ख) बमोजिम कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मुल्याँकन गरि कार्य सम्पादनमा राम्रो नतिजा हाँसील गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हाँसिल गर्ने कर्मचारीलाई तोकिए बमोजिम दण्डित गर्नु पर्नेछ ।

**१५.पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) देहायका अवस्थामा गाउँपालिका अर्न्तगत कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीलाई विभागीय सजाय वा पदबाट हटाउनु पर्ने कसुरदार ठहरिएको अवस्थामा कार्यालय प्रमुखले लोकसेवा आयोगको परामर्शमा सम्वन्धित निकायमा सिफारिस गर्नेछ ।

(क) तोकिए बमोजिमको पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय तोकिएको कार्यालयमा अनुपस्थित भएमा,

(ग) कार्यालयमा धुम्रपान तथा मध्यपान सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा,

(च) राजनितिक दलको सदस्यता हाँसिल गरि सक्रिय राजनितिमा संलग्न रहेको पाईएमा,

(छ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनकालागी सक्रिय राजनिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका रहेका संघ संगठन वा कार्यकारिणी समिति संलग्न रहेको सम्भनुपर्छ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु अघि मनासिव माफिकको मौका प्रदान गरिने छ ।

**१६.अदालतको आदेशबाट पुनःबहाली हुन सक्नेः** (१) दफा (१५) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मिति सम्मको पुरा तलब ,भत्ता, तलब बृद्धि तथा अन्य सुविधा पाउन योग्य भए सो समेत पाउनेछ ।

**१७.तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुने** : नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्था र दफा (१६) को उपदफा (२) वमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थामा अनुपस्थित रहेका र बेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले अनुपस्थित अवधीको तलब भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधी सेवामा गणना हुनेछैन ।

**१८.स्थायी आवासीय अनुमति लिन नहुनेः** गाउँपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन पाईने छैन । स्थायी आवासीय अनुमति लिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवावाट वर्खास्त/खारेज गरी थप दण्ड तथा सजाय प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ५
## स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरण तथा स्तरोउन्नती प्रकृया

**१९.स्वास्थ्य संस्था खोल्न अनुमति लिनुपर्नेः** (१) गाउँपालिका क्षेत्रभित्र देहायका स्वास्थ्य संस्थाहरूको स्थापना, सेवा विस्तार र स्तरोन्नति गर्न गाउँपालिका स्वास्थ्य व्यवस्थापन समितिको सिफारिसका आधारमा गाउँकार्यपालिकाले इजाजत अनुमति दिन सक्नेछ :-

(क) प्राथमिक अस्पताल/जनरल अस्पताल, नर्सिङहोम, स्वास्थ्य क्लिनिक,औषधीपसल (फार्मेसी), आयुर्वेदिक औषधालय/वैकल्पीक सेवा, पुर्नस्थापना केन्द्र,पोलीक्लिनिक, मेडिकल ल्याव, रेडियो इमेजिङ (डाईग्नोष्टिक) सेवा, सामुदायिक स्वास्थ्य हेरचाह केन्द्र, समुदायमा आधारीत स्वास्थ्य क्लिनिकर फीटनेश सेन्टर/योग केन्द्रका लागि गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ । तर मेडिकल प्रयोगशाला सेवाका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला,प्रदेश जनस्वास्थ्य प्रयोगशाला बा त्यस मातहतका निकायबाट अनुमति लिएका र औषधी पसल ( फार्मेसी) संचालनका लागि औषधी व्यवस्था विभाग वा मातहतका निकायबाट अनुमतिलिनु पुर्व गाउँपालिकाको सिफारीस लिएको हुनु पर्नेछ ।

(ख) आयुर्वेद, होमियोपेथिक तथा अन्य वैकल्पिक चिकित्सासँग सम्बन्धित स्वास्थ्य संस्थाहरुका हकमा दश शैया सम्मका अस्पतालका लागि गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ । तर आयुर्वेदिक औषधालय/वैकल्पीक सेवा संचालनकालागि आयुर्वेदिक औषधी व्यवस्था विभाग वा मातहतका निकायबाट अनुमति लिनु पुर्व गाउँपालिकाको सिफारीस लिएको हुनु पर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि उपदफा (१) देखि बाहेकका अन्य अस्पतालहरु, विशेषज्ञ अस्पताल तथा संघ र प्रदेशवाट सेवा संचालन अनुमति दिने स्वास्थ्य संस्था र स्वास्थ्यसँग सम्बन्धित शिक्षण संस्थाको हकमा अनुमति लिनुपूर्व वा नवीकरण पूर्व गाउँपालिकाको सिफारिस लिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकाबाट इजाजत प्राप्त गरेका वा दर्ता भएका स्वास्थ्य संस्थाहरूको विवरण संघ र प्रदेश सरकारमा अद्यावधिक गराउनु पर्नेछ ।

(४) यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा सम्बन्धी न्यूनतम मापदण्ड संघीय र प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) गाउँपालिकाको स्वमित्वमा रहने वाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्ने अनुमति दिइने छैन ।

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृति लिई सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय सञ्चालन गर्न सक्नेछ ।

**२०.ईजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्न नहुने** : (१) यो ऐन प्रारम्भ भएपछि कसैले पनि गाउँपालिकावाट ईजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्नु हुँदैन ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि देखि संचालन भै रहेका स्वास्थ्य संस्थाले यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र गाउँपालिकामा ईजाजत प्राप्त गर्न निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम संचालन ईजाजतको निवेदन दिने स्वास्थ्य संस्थाले ऐन तथा यस ऐन वमोजिम निर्धारित मापदण्ड पूरा भएको रहेछ भने गाउँपालिकाले संचालन ईजाजत दिनेछ ।

(४) उपदफा (३) वमोजिम मापदण्ड पूरा नभएमा एक वर्ष भित्रमा मापदण्ड पूरा गर्ने गरी त्यस्तो मापदण्ड पूरा गर्ने योजना एक महिना भित्र पेश गर्न लगाई सो अवधिको लागि ईजाजत दिनु पर्नेछ ।

(५) यस ऐन बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिए पनि अनुमति नपाउने वा उपदफा (४) वमोजिमको अवधि भित्र मापदण्ड पूरा भएको नपाईएमा त्यस्ता स्वास्थ्य संस्थाको ईजाजत अनुमति गाउँपालिकाले खारेज गर्न सक्नेछ ।

**२१.स्वास्थ्य संस्थाको पूर्वाधार निर्माणका लागि इजाजत लिनुपर्ने :**

(१) यस ऐन बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि प्रचलित मापदण्ड बमोजिमको ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा गाउँपालिकाले निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिलाइ खटाउन सक्नेछ :-

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्ययोजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रचलित कानून बमोजिम प्रारम्भिक वातवारणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भए सो को प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्र, सो क्षेत्र को जनसंख्या र जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुर्याउने थप योगदान,

(३) गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिले उपदफा (२) मा उल्लिखित विषयहरुको विश्लेषण गरी स्पष्ट रायसहितको प्रतिवेदन पन्ध्र दिनभित्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँपालिकाले बढीमा दुई वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसाय पत्र प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा गाउँपालिकाले त्यस्ता अस्पताललाई बढीमा एक वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ । सो अवधिमा पनि पूर्वाधार निर्माण नगरेमा इजाजतपत्र खारेज गरिने छ ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन जारी हुँदाको वखत मापदण्ड पूरा गरी इजाजत पत्र लिई सकेका स्वास्थ्य संस्थाले नयाँ स्थानमा स्वास्थ्य संस्था संचालन गर्न, थप सेवा विस्तार गर्न वा नयाँ पूर्वाधार निर्माण/विस्तार गर्नुपर्ने अवस्थामा वाहेक पूर्वाधार निर्माण इजाजत लिनुपर्ने छैन ।

**२२.सञ्चालन अनुमति दिन सकिने :** (१) दफा (२१) बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित वा पूर्वाधार निर्माण/विस्तार गर्नु नपर्ने अवस्थामा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी सञ्चालन अनुमतिका लागि तोके बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनको प्रकृया पुगे नपुगेको रुजु गरी रितपूर्वक प्राप्त भएको निवेदन गाउँपालिका प्रसासन शाखाले दर्ता गरि आवश्यक प्रक्रियामा लैजानु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा गाउँ कार्यपालिकाले निवेदन प्राप्त गरेको मितिले पन्ध्र दिन भित्र पालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति लाइ अनुगमनका लागी खटाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम खटिएको समितिले सात दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम समितिको प्रतिवेदनको आधार र यस ऐनमा तोके बमोजिम मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई गाउँपालिकाले तिन वर्षसम्मका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न इजाजत अनुमति दिन सक्नेछ तर प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड पूरा भै नसकेको भए इजाजतपत्र प्रदान गरिने छैन ।

(६) यस ऐन बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा (४) बमोजिम समितिको प्रतिवेदन प्राप्त भए पश्चात बसेको कार्यपालिकाको बैठकबाट निर्णय गरी सात दिन भित्र सोको जानकारी सम्बन्धित संस्थालाई दिईनेछ ।

(७) यो ऐन प्रारम्भ हुनु अगाडी सम्बन्धित निकायमा दर्ता भई गाउँपालिकाबाट अनुमति नलिई संचालन भएको स्वास्थ्य सस्थाको हकमा दर्ताका लागि एक महिनाको म्याद दिई सूचना प्रकासित गर्नेछ र सो अवधि भित्र निवेदन पेश गर्ने स्वास्थ्य सस्थालाई तोके बमोजिमको दस्तुर लिई यो ऐन बमोजिमको प्रकृया पूरा गरी सञ्चालन अनुमति दिईनेछ ।

(८) उपदफा ७ बमोजिमको म्याद भित्र दर्ताका लागि निवेदन पेश नगरेमा थप तिन महिना भित्र दोब्बर दस्तुर लिई अनुमति दिन सकिनेछ ।

(९) स्वास्थ्य सस्था नवीकरणको हकमा प्रत्येक आर्थिक वर्षको साउन मसान्त भित्र नवीकरणका लागि तोकिएको ढांचामा निवेदन पेश गर्नुपर्नेछ । तोकिएको म्याद भित्र निवेदन पेश नगर्ने स्वास्थ्य सस्थाको हकमा म्याद समाप्त भएको मितिले दुई महिना भित्र निवेदन दिएमा शुरु दस्तुको दोव्वर दस्तुर लिई नविकरण गर्न सकिनेछ ।

**२३.अनुमति खारेजी तथा कारवाही सम्बन्धी व्यवस्था :** (१) यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्न एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) यो ऐन बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने र अनुमति नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ साथै सोको व्यहोरा प्रदेश तथा संघीय मन्त्रालयमा समेत जानकारी दिनेछ ।

**२४.सञ्चालन अनुमति नवीकरण नहुने :** (१) यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा गाउँपालिका भित्र संचालित स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नवीकरण गरिने छैन :-

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङकनमा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा,

(ग) स्वास्थ्य संस्थाले प्रदान गरेका सेवा तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन गाउँपालिकाको कार्यालयमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) स्वास्थ्य मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा गाउँपालिकाले दिएको निर्देशनको उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समयभित्र भूकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा ।

(छ) गैर कानूनी क्रियाकलाप गरेको पाईएमा ।

## परिच्छेद ६

## स्वास्थ्य सेवा सञ्चालन तथा सञ्चालन मापदण्ड सम्वन्धी व्यवस्था

**२५.सरकारी अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः** (१) गाउँपालिकाले तोकिएको मापदण्ड पुरा गरि १५(पन्ध्र) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य संस्था रहने गरी र जनसंख्याको अनुपातमा थप गर्न आवश्यक रहेमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(क) **जनशक्तिः** नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ । गाउँपालिकाले थप जनशक्ति ताक्न सक्नेछ ।

(ख) **भवन कोठाः** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) **उपकरणः** आधारभूत आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आवश्यक उपकरणहरु ।

(३) **आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्रः** गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाम मूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँको साझेदारीमा वा गाउँपालिका आफैंले आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(क) **जनशक्ति** नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ । गाउँपालिकाले थप जनशक्ति ताक्न सक्नेछ ।

(ख) **भवन कोठाः** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) **उपकरणः** आधारभूत आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आवश्यक उपकरणहरु ।

**२६.निजी क्षेत्रले अस्पताल,नर्सिङ होम, पोलिक्लीनिक, डायगनोस्टीक सेन्टर, स्वास्थ्य क्लिनिक, औषधिपसल (फार्मेसी) ,प्रयोगशाला सञ्चालन स्वास्थ्य सेवा सञ्चालनः** (१) स्वास्थ्य संस्थाले आफ्नो उद्देश्य र क्षमता अनुसार गाउँपालिकाबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ :-

(क) आकस्मिक सेवा,

(ख) बहिरंग सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) सघन उपचार सेवा,

(छ) प्रबर्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(ज) विशेषज्ञ सेवा, विषयगत विशेषज्ञ सेवा

(झ) फार्मेसी सेवा,

(ञ) रक्त सञ्चार सेवा,

(ट) फिजियोथेरापी सेवा,

(ठ) शवगृह व्यवस्था,

(ड) अस्पताल व्यवस्थापन,

(ढ) वातावरण व्यवस्थापन,

(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन ।

(२) गाउँपालिकाभित्र संचालित स्वास्थ्य संस्थाले अन्य कुराको अतिरिक्त देहायका विवरण समेत खुलाई गाउँपालिकामा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(क) दर्ता मिति, दर्ता गर्ने निकाय र दर्ता समाप्त हुने अवधी

(ख) संचालन स्वीकृति पाएका सेवाहरु र उक्त सेवा प्रवाहको अवस्था

(ग) सेवाग्राहीहरुको संख्या

(घ) गाउँपालिकाले तोकेका आधारभूत स्वास्थ्य सेवा वितरण गरेको अवस्था र लाभग्राही संख्या

(ङ) स्वास्थ्यकर्मी र चिकित्सकहरुको संख्या र तिनीहरुको विशेषज्ञता

(च) गाउँपालिकार अन्य निकायबाट भएको अनुगमन र सुझाव वा निर्देशनको कार्यान्वियनको अवस्था

(छ) प्रचलित कानुन अनुसार तिरेको करको विवरण

२७.**स्वास्थ्य सेवा गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड** : (१) दफा (२६) बमोजिमका स्वास्थ्य सेवा संचालन गर्दा नेपाल सरकारले तोके बमोजिम सुनिश्चित गर्नुपर्ने न्युनतम गुणस्तर सम्बन्धी मापदण्डका अतिरिक्त देहायका मापदण्डहरूको समेत पालना गर्नु पर्नेछ ।

(क) बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउने ।

(ख) स्वास्थ्य संस्थामा संघीय सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनु पर्ने र सो को नियमित र प्रभावकारी अनुगमन गर्ने ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न एकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरू गुणस्तरीय रुपमा संचालन गर्ने कार्य संचालन निर्देशिका तयार लागू गर्नुपर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरू उपलव्ध हुने समय, तालिका (दिन र बार खुल्ने गरी) सवैले देख्ने ठाँउमा राखिएको हुनु पर्ने ।

(ङ) स्वास्थ्य संस्थाले उपलव्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकवाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने ।

(च) विरामीले त्यहाँ कार्यरत चिकित्सकहरू मध्ये आफूले सेवा लिन चाहेको चिकित्सकवाट सेवा लिन पाउने व्यवस्था हुनुपर्ने ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफा सुग्घर राखिएको हुनुपर्ने ।

(झ) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षाको व्यवस्था गरेको हुनुपर्ने ।

(ञ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको सेवा शर्त सम्बन्धी विनियम वनाएको हुनुपर्ने ।

(ट) स्वास्थ्य संस्थाले संघीय सरकारवाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा संघीय सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्ने ।

(ठ) अस्पतालले २४ सै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनुपर्ने ।

(ड) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्ने र सो को विवरण सवैले देख्ने ठाँउमा राख्नुपर्ने ।

(ढ) आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने, प्रेषण गर्ने, विरामीको प्रेषण प्रकृया र विरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्ने र सोको व्यहोरा बमोजिमको ढांचा सवैले देख्ने ठाँउमा राख्नुपर्ने ।

(ण) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, वेवारिसे विरामीका लागि कुल शैयाको १० प्रतिशत शैया छुट्टाई वडा कार्यालयको सिफारिसमा गाउँपालिका स्तरीय विपन्न नागरीक सिफरीस समन्वय समितिले निर्णय गरेका विरामीलाई निःशुल्क उपचार अनिवार्य रूपमा उपलब्ध गराउनु पर्ने र सो को अभिलेख सहितको प्रतिवेदन गाउँपालिकामा पठाउनु पर्ने ।

(त) अस्पतालहरुमा जेष्ठ नागरिकका लागि विशेष किसिमको सुविधाको व्यवस्था हुनुपर्ने र आवश्यक मात्रामा शैया छुट्याएको हुनु पर्ने ।

(थ) स्वास्थ्य संस्था संचालन गरिने भवन र अन्य पूर्वाधार भवन सहिंता र स्वास्थ्य भवन पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनुपर्ने ।

(द) अस्पतालले विपद व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्ने ।

(ध) यो ऐन र प्रचलित कानूनमा उल्लेख भएका मापदण्डलाई सबै स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने र गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिवद्धता सहितको नागरिक वडापत्र सार्वजनिक गर्नुपर्ने ।

(न) प्रत्येक स्वास्थ्य संस्थाले वार्षिक रुपमा गुणस्तरीय सेवाको मापदण्ड पालना भए, नभएको सम्बन्धमा स्व-मूल्यांकन गरी सुधार गर्नुपर्ने देखिएमा तत्काल सुधारको योजना बनाई कार्यान्वयन गर्नुपर्ने ।

(प) प्रत्येक महिना गाउँपालिकामा तोकिएको ढाँचामा विवरण र प्रतिवेदन अनिवार्य रुपमा बुझाउनुपर्ने ।

(फ) सूचना अधिकारी तोक्नुपर्ने र सूचना अधिकारीको पहिचान सेवाग्राहीले देखिने ठाँउमा टाँस गर्नु पर्ने ।

(व) सवैले देख्ने स्थानमा उजुरी पेटिका राख्नु पर्नेछ ।

(भ) विरामी वा निजको रेखदेख गर्ने व्यक्तिलाइ रोग र उपचार पद्धती वारे स्पष्ट जानकारी दिनुपर्ने ।

(म) स्वास्थ्य सेवाको गुणस्तरलाइ सुनिश्चिता प्रदान गर्न स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवामा राष्टिय तथा अन्तराष्टिय गुणस्तर चिन्ह प्राप्त गर्न स्वास्थ्य संस्थालाइ प्रोत्साहीत गरीने छ ।

**२८.स्वास्थ्य संस्था सम्बन्धी मापदण्डहरुको विस्तृत विवरण :** (१) अस्पताल, विशेष सेवा प्रदान गर्ने अस्पताल, स्वास्थ्य क्लिनिक, पोलिक्लिनीक, रेडियोलोजी वा डाइग्नोष्टीक, इमेजीङ सेवा, प्रयोगशाला सेवा र आयुर्वेदिक तथा वैकल्पीक चिकित्सा सम्बन्धी पूर्वाधार र न्युनतम मापदण्डहरूको विस्तृत विवरण नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम गाउँपालिकाले निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड निर्धारण नहुन्जेल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संसोधन सहित) र स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्ड सम्वन्धी निर्देशिका २०७३ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमका प्रचलित मापदण्डको अधिनमा रही कार्यपालिकाले गाउँपालिकाका स्वास्थ्य संस्थाहरूको गुणस्तर, जनशक्ति, औजार उपकरण, सेवा सुविधा लगायतका विषयमा छुट्टै मापदण्ड बनाइ लागू गर्न सक्नेछ ।

## परिच्छेद ७

## कोष, शुल्क तथा स्वास्थ्य संस्थाको सम्पत्ति सम्वन्धी व्यवस्था

**२९.स्वास्थ्य सेवा विकास कोषः** (१) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता संस्थामा, मर्मत सम्भार तथा गुणस्तर अभिवृद्धि गर्न गाउँ पालिकामा स्वास्थ्य सेवा विकास कोष स्थापना गर्न सकिनेछ । कोषको सञ्चालन कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

**३०.आकस्मिक स्वास्थ्य सेवा कोषः** (१) गाउँपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुमा संचालन तथा लेखा प्रणालीको व्यवस्थापन हुने गरी आकस्मिक स्वास्थ्य सेवा कोष स्थापना गर्न हुनेछ ।

**३१.शुल्क सम्वन्धी व्यवस्थाः** (१) आधारभुत स्वास्थ्य सेवा गाउँपालिका मातहतका कुनै पनि स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन ।

(२) गाउँपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकौ कुरा लेखिएतापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी तोकिएको वाहेकका सेवा दिन गाउँपालिकाले आफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनका लागी स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिकाले निर्धारण गरेको सेवा शुल्क स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ ।

(४) सामुदायीक, निजी तथा लोक कल्यकाणकारी स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने स्वास्थ्य सेवाको शुल्क सेवा र गुणस्तरको आधारमा स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिकाले निर्धारण गरि स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ ।

(५) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी पहिलो पटकमा दश हजार रूपैयाँ देखी एकलाख रुपैयाँसम्म जरिवाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरिवाना गर्न सक्नेछ ।

**३२. स्वास्थ्य संस्थाको सम्पत्तिः** (१) गाउँपालिकाको स्वमित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति गाउँपालिकाको सम्पत्ति हुनेछ । गाउँपालिकाले प्रयोगमा आउने वाहेक अन्य सम्पती प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम गाउँपालिकाको स्वास्थ्य सेवा विकास कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुको सम्पत्ति सम्वन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

(४) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न गाउँपालिकाको सिफारीसमा संघीय सरकारवाट पुर्व स्वीकृति लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर र गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन ।

**३३. छुट र सुविधाः** (१) सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य संस्थाको नाममा कुनै लिखत पारित गर्दा कार्यपालिकाले निर्धारण गरे बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ८
## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्वन्धी व्यवस्था

**३४.औषधि तथा उपकरण आपूर्ति :** (१) आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउन स्वास्थ्य संस्थामा तोकिएका औषधिको नियमित आपूर्तिको ब्यवस्था गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्थामा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माग आपूर्ति सन्तुलनको ब्यवस्था मिलाउनु पर्नेछ ।

(३) म्याद नाघेका औषधिको सूची तयार पारी नियमित रूपमा धुलाउने ब्यवस्था मिलाउनु पर्नेछ ।

(४) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम राख्न संघिय सरकारले जारी गरेको औषधी तथा स्वास्थ्य उपकरण भण्डारण मापदण्ड पालना गर्नुपर्ने छ ।

(५) औषधि आपूर्ति तथा वितरण प्रणालीलाई पारदर्शी तथा आर्थिक ऐन अनुसार संचालन गर्नु पर्ने र यसको लागि स्वास्थ्य संस्थाको एक जना कर्मचारीलाई स्टोर किपर तोक्नु पर्नेछ ।

(६) उपदफा (५) अनुसार तोकिएको स्टोरकिपरले नियमित जिन्सी श्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधिको खपतलाई मौज्दात दैनिक अभिलेख राख्नु पर्ने साथै चल अचल सम्पत्तिको विवरण जिन्सी रजिष्टर अनुसार दुरुस्त राख्नु पर्नेछ ।

(७) औषधिको माग गर्दा Pull System मा आधारित माग प्रणाली अपनाउनु पर्नेछ ।

(८) औषधिको माग आपूर्ति गर्दा समुदायमा हुन सक्ने माहामारी रोग नियन्त्रणलाई समेत ध्यान राखी वफर स्टक कायम राख्नु पर्नेछ ।

(९) म्याद नाघी धुलाएको औषधिलाई बातावरण प्रतिकूल नहुने गरी नष्ट गर्नु पर्नेछ ।

(१०) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी ब्यवथापन समिति समक्ष त्रैमासिक अनुमोदन गराउनु पर्नेछ ।

**३५.औषधि, उपकरण तथा औषधिजन्य सामाग्री र पदार्थको खरिद प्रकृया :** (१) औषधि, उपकरण तथा औषधिजन्य सामाग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिमको प्रकृया अबलम्बन गर्नु पर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र संचालित सरकारी स्वास्थ्यहरुलाई वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले वनाइ स्विकृत गराउनु पर्नेछ ।

**३६.औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको भण्डारणः** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरि छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(२) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी बितरण सम्वन्धी विस्तृत बिवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित गाउँपालिका स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

**३७. गाउँ फार्मेसी सम्बन्धी व्यवस्थाः** (१) गुणस्तरीय औषधि सही मात्रामा सही तरिकाले सही अवधिमा सुपथ मूल्यमा उपलव्ध गराउन र औषधि सम्बन्धी सही परामर्श दिई विरामी एवं सेवाग्राहीलाई सुलभ एवं गुणस्तरीय सेवा पु¥याउनका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत गाउँपालिकाले आफ्नै फार्मेसी सेवा संचालन गर्न सक्नेछ ।

(२) गाउँ फार्मेसी संचालनका लागि प्रचलित कानून र मापदण्डको अधिनमा रही गाउँपालिकाले छुट्टै फार्मेसी निर्देशिका बनाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निर्देशिका नवनेसम्मको लागि प्रचलित कानून र नेपाल सरकारको फार्मेसी निर्देशिका, २०७२ बमोजिम गाउँ फार्मेसी संचालन गर्न सक्नेछ ।

## परिच्छेद ९

## स्वास्थ्य सेवाको गुणस्तर सम्वन्धी व्यवस्था

## स्वास्थ्य सेवाको गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था

**३८.स्वास्थ्य सेवाको गुणस्तर तोक्न सक्नेः** (१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यो ऐन र प्रचलित कानूनमा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष स्वःमूल्यांकन गरी सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गाउँपालिका समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका, प्रदेश सरकार र संघीय मन्त्रालयले गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिसंग समन्वय गरी आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमुना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यो ऐनको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा आकस्मिक निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर र पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सक्नेछ ।

(४) यो ऐन बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई गाउँपालिकाले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरिरहेको सेवा पूर्ण वा आंशिक रूपमा बन्द गर्न आदेश दिन सक्नेछ तर प्रादेशिक तथा संघीय सरकारबाट स्वीकृति लिई संचालनमा रहेकाको हकमा सम्बन्धित तह समक्ष सुझाव सहितको प्रतिवेदन दिनेछ ।

(५) उपदफा (४) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नुपूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्न मौका दिईनेछ ।

(६) यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले वाधा पार्ने छैन ।

(७) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति नलिएका स्वास्थ्य संस्थामा कुनै पनि चिकत्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन यदि कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाईने छ ।

(८) गाउँपालिका स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिसचितता उप समितिले नियमित रुपमा गाउँपालिका क्षेत्राधिकार भित्र रहेका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको गुणस्तर लेखाजोखा गर्नुपर्नेछ ।

(९) गाउँपालिका क्षेत्र भित्रका सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्य कर्मीले एक भन्दा वढि स्वास्थ्य संस्थामा पुर्णकालिन काम गर्न पाउने छैनन र निजि स्वास्थ्य संस्थाहरुमा काम गर्दा सरकारी पद तथा संस्था उल्लेख गर्न पाइने छैन ।

(१०) स्वास्थ्य सेवा प्रवाह सम्वन्धी कुनै पनि सुचना तथा विज्ञापन जारी गर्दा गाउँपालीकाको स्वास्थ्य शाखावाट पुर्व स्विकृती वा अनुमति लिएर मात्र सम्प्रेशण गर्न पाइने छ ।

**३९.सामाजिक सुरक्षा र स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनः** (१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार सामाजिक सुरक्षा र स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) गाउँपालिका क्षेत्रका सबै बासिन्दालाई स्वास्थ्य बिमा ऐनले तोकेबमोजिम अनिवार्य बिमामा आवद्ध गराउनु कार्यपालिकाको दायित्व हुनेछ ।

(३) कार्यपालिकाले सम्बन्धित निकायसँगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धि जनचेतना कार्यक्रम संचालन गर्न सक्नेछ ।

(४) कार्यपालिकाले आर्थिक रुपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य बिमा गराउन र अन्य सामाजिक शुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागी प्रादेशिक तथा संघीय तहका निकायहरुसँग समन्वय गर्नेछ ।

(५) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक, आर्थिक सामाजिक र शैक्षिक रुपमा विपन्न वर्ग र अन्य लक्षित समुहहरुका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(६) कार्यपालिकाले विशेष संरक्षणको आवश्कता भएका महिला, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका, अशक्त र अन्य लक्षित समुहहरुका लागी प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

(७) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद १०
## आपतकालिन स्वास्थ्य सेवा प्रवाह तथा संक्रामक रोग व्यवस्थापन सम्बन्धि व्यवस्था

**४०.आपतकालिक स्वास्थ्य सेवा तथा व्यवस्थापनः** (१) गाउँपालिकाले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरि लागु गर्नेछ ।

(२) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुह परिचालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुहको गठन, परिचालन तथा श्रोत व्यवस्थापन सम्बन्धि व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) गाउँपालिका स्तरमा विपद व्यवस्थापन केन्द्र स्थापनका तथा संचालन गर्न सकिनेछ यसरी विपद व्यवस्थापन केन्द्र संचालन गर्दा नजिकको स्थानीय तहसंग संयुक्त रुपमा संचालन गर्नु पर्नेछ ।

**४१.संक्रामक रोग रोकथाम तथा व्यवस्थापनः** (१) स्थानीय स्तरमा कुनै नागरिकलाई संक्रामक रोग लागेमा सो को जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयमसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी ५ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य महिला स्वास्थ्य स्वयम सेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको बिवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँ पालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

(४) महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नु पर्नेछ ।

(५) कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका अध्यक्षले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपत्काल घोषणा गर्न सक्नेछन् ।

(६) उपदफा (५) बमोजिम आपत्कालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन् कुन् क्षेत्रमा लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(७) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(८) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका अध्यक्षले जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद ११
## जनस्वास्थ्य संरक्षण, प्रवर्धन तथा वातावरणिय स्वास्थ्य सम्बन्धी व्यवस्था

**४२.जनस्वास्थ्य प्रवर्धनः** (१) खाद्यान्न, तरकारी तथा फलफुल, दुग्धजन्य पदार्थ, मासु जन्य पदार्थ, पानि लगायतका उपभोग्य वस्तुको उत्पादन,भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ र गुणस्तरीय बनाउन गाउँपालिकाले न्युनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ ।

(२) जनस्वास्थ्य मैत्री आवस तथा पुर्वाधार निमार्ण, जनस्वास्थ्य लाई प्रभावित पार्ने विज्ञापन तथा प्रचार प्रसार, सामाजिक संस्कृतिक अन्धविश्वास लाई नियमन गर्न गाउँपालिकाले आवश्यक कानून बनाई लागु गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य प्रवर्धनका लागि गाउँपालिका क्षेत्रमा रहेका रणनितिक स्थानहरुमा सावजनिक शौचालय, योग तथा व्यायमशालाहरु, खुल्ला स्थान तथा खेल मैदानहरु, हरित उद्यान लागायतका सेवा तथा संरचनाहरु स्थापना तथा संचालन गर्नुपर्ने छ ।

(४) पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन गाउँपालिकाले आवश्यक मापदण्ड तयार गरि लागु गर्न सक्नेछ ।

(५) जनस्वास्थ्य प्रवर्धन सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

(६) स्वास्थरकर मासु तथा मासु जन्य पदार्थ लाई बढावा गर्नका लागि वडा स्तरिय फ्रेस हाउसको व्यवस्थापन गर्नुपर्ने छ ।

७) तरकारी तथा फलफुलमा किटनाशक औषधिको प्रयोजनलाई निरुत्साहीत गर्दै जैविक बिशादी प्रयोग गर्नुपर्ने छ ।

**४३.वातावरणिय स्वास्थ्यः** (१) ध्वानी, बायु, जल तथा दृश्य प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्युनिकरण गर्न गाउँ पालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक बर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराई लागु गर्नु पर्नेछ ।

(३) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ ।

(४) शहरी तथा अर्ध शहरी क्षेत्रमा निश्कासित फोहरमैला पूनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(५) स्वास्थ्यजन्य फोहोरमैला संकलन, प्रशोधन, विर्सजन र नियमनको लागि प्रदेश सरकार र संघीय सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ । आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहोरमैला तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्नु सम्बन्धीत संस्थाकै दायित्व हुनेछ ।

**४४.सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) कार्यपापलिकाले सुर्ति,मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुती, मदिरा तथा अखाद्य पर्दाथको विक्रि तथा वितरणलाई नियमन, नियत्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यानवयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गर्न बन्देज गरिनेछ ।

(३) सुती तथा मदिराजन्य पर्दाथ विक्रि वितरण र प्रयोगमा नियन्त्रण एंव न्युनिकरण गर्न कार्यपपालिकाले निषेधित र विक्रि वितरणका लागी खुला क्षेत्र तोक्नेछ ।

(४) गाउँपालिका क्षेत्र भित्र मदिरा, चुरोट, सुर्ति लगायत मानव स्वास्थलाई गम्भिर असर पर्ने सामग्रीको विज्ञापन गर्न पाईने छैन ।

(५) अठार वर्ष मुनिका वालवालिका, गर्भवती र सत्केरी महिलालाई सुर्तिजन्य वा मदिरा जन्य पदार्थ विक्रि वितरण गर्न पाईने छैन ।

(६) विद्यालय, स्वास्थ्य क्षेत्र तथा सार्वजनिक क्षेत्रको एक सय मिटर वरपर मदिरा तथा सुर्तिजन्य पदार्थ विक्रवितरण गर्न पाईने छैन ।

(७) होटल, रेष्टुराँ, खुद्रा मदिरा पसल लगायत तोकिएका स्थानमा साँझको पाचँ बजे अघि र रातको नौ बजे पछि मदिराजन्य पदार्थ खुद्रा विक्री वितरण तथा सेवन गर्न पाईने छैन ।

## परिच्छेद १२
## जरिवाना सम्बन्धि व्यवस्था

**४५.जरिवाना गरिनेः** (१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वस्थ्य सेवा व्यबसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिले पेश गरेको राय सुझाव तथा प्रतिवेदनको आधारमा न्यायीक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्नसक्नेछ ।

(२) कुनैपनि स्वास्थ्य सेवा प्रदायक संस्था वा व्यक्तिले यस ऐन विपरित कुनै कार्य गरेमा, गाउँ पालिकाले तोकेको मापदण्ड पुरा नगरेमा, गाउँ पालिकाले दिएको निर्देशन पालन नगरेमा कसुरको गाम्भिर्यतालाई विचार गरि न्यायीक समितिले पाँच लाख रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(३) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः

(क) उपचार, सेवा र सेवा संग सम्वन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) उपचारमा बद्नियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

(४) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका, तथा कार्यविधि बमोजिम जारी भएको सुचना पालना नगरेमा

(५) जरिवाना सम्वन्धि अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(६) उपदफा (१), (२), (३), (४) बमोजिम जरिवाना गर्नु अघि कार्यपालिकाले तोकिए बमोजिम काम, कर्तव्य र अधिकार भएको छानविन समिति गठन गरि छानविन गर्नेछ ।

(७) गाउँपालिकाको तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन गर्न मिल्ने छ ।

**४६.प्रचलित कानुन बमोजिम सजाय हुनेः** (१) यस ऐन बमोजिम सजाय हुने कुनै कसुरमा अन्य प्रचलित कानुन बमोजिम पनि सजाय हुन सक्ने अवस्था रहेछभने सोहि कानुन बमोजिम सजाय गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

## परिच्छेद १३

## आकस्मिक स्वास्थ्य सेवा र प्रेषण तथा उपचार प्रणाली

**४७.आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेः** (१) गाउँपालिका क्षेत्रमा संचालित कुनैपनि स्वास्थ्य संस्थामा कुनैपनी बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(१) उपदफा (१) बमोजिम प्रदान गर्नु पर्ने आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्दा देहाय वमोजिम गर्नु पर्नेछ ।

(क) गाउँपालिका भित्रका आकस्मिक सेवा प्रदान गर्ने निजी, गैर सरकारी तथा गाउँअस्पताल वा प्राथमिक अस्पतालहरुले आफुले प्रदान गर्ने सेवाको सम्वन्धमा चौविसै घण्टा आकस्मिक सेवा प्रदान गर्नु पर्नेछ ।

(ख) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाले आफ्नो संस्थामा संभव हुने आकस्मिक उपचार तत्काल उपलव्ध गराइ आवश्यक थप उपचारको लागी उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(२) गाउँपालिका क्षेत्र भित्र सञ्चालित प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने आकस्मिक सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तब्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने स्थानमा सार्वजनिक रुपमा राख्नु पर्नेछ ।

(३) आकस्मिक सेवा प्रदान गर्ने गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले आफुले प्रदान गरेको सेवा मध्ये आधारभूत स्वास्थ्य सेवा भित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनु पर्नेछ र आधारभूत सेवा बाहेकको आकस्मिक उपचारको खर्चको ब्यवस्थापन स्वास्थ्य वीमा भएकोमा सोही वीमावाट र वीमा नभएमा वा वीमाको रकमले नपुग भएमा सम्वन्धीत व्यक्ति, निजको अभिभावक, परीवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरेकोले व्यहोर्नु पर्नेछ ।

(४) गाउँपालिका भित्र संचालित आकस्मिक सेवा प्रदान गर्ने अस्पतालले अटुट रुपमा आवश्यक पानी, विजुली, संचार, यातायात, कर्मचारी आवास, आकस्मिक फार्मेसी, आकस्मिक मर्मत सम्भार, आकस्मिक निदान सेवा, अक्सिजन, सुरक्षा प्रावधान आदिको विशेष ब्यवस्था गर्नु पर्नेछ ।

(५) एकै पटक धेरै आकस्मिक सेवाग्राहीहरु उपचारको क्रममा आएको अवस्थामा सेवा ग्राहीको जोखिमको प्राथमिकीकरण गरी सेवा प्रदान गर्नु पर्नेछ ।

(६) अति विपन्न, बेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई आधारभूत र आकस्मिक सेवाबाट बन्चित गरिने छैन । त्यस्ता सेवाग्राहीलाई थप आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन गाउँपालिकामा रहेको आकस्मिक उपचार कोषबाट खर्च व्यहोर्नेछ ।

(७) उपदफा ६ को आकस्मिक उपचार कोष सम्वन्धमा दफा (३०) बमोजिम गाउँकार्यपालिकाले छुट्टै कार्यविधि निर्माण गरी व्यवस्थित गर्नेछ ।

**४८.आकस्मिक स्वास्थ्य सेवामा संलग्न स्वास्थ्यकर्मी तथा कर्मचारीलाई थप सुविधा दिनुपर्ने :** आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले आफु मातहत कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई देहायको थप सुविधा प्रदान गर्न सक्नेछ :

(क) नियमित कार्यालय समय बाहेक थप काम गरे वापत सम्बन्धित स्वास्थ्यकर्मी तथा कर्मचारीले गाउँपालिकाको प्रोहत्सान कार्यविधि निर्माण गरी अतिरिक्त समयको खाजा खर्च प्रदान गर्न सक्नेछ ।

(ख) अतिरिक्त समय काम गर्नु पर्दा अधिकार प्राप्त अधिकारीले खटाएको हुनु पर्नेछ ।

(ग) आकस्मिक स्वास्थ्य सेवामा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई कार्यसम्पादन मूल्यांकन, तालीम तथा वृत्ति विकासको अवसर प्रदान गर्दा प्राथमिकताका साथ विशेष ग्राह्यता प्रदान गर्ने र क्षमता अभिवृद्धिको व्यवस्था स्वास्थ्य संस्थाले मिलाउनु पर्नेछ ।

**४९.प्रेषण सेवा :** (१) स्वास्थ्य संस्थामा आएका सेवाग्राहीलाई उपयुक्त कारणले सेवा प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध भएको सेवा प्रदान गरी थप सेवाको लागि त्यस्ता सेवाग्राहीलाई सो सेवा प्राप्त हुन सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ । तर आफ्नो संस्थामा उपयुक्त सेवा र जनशक्ति हुँदा हुँदै अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाईने छैन ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित स्वास्थ्य संस्थाले प्रेषण गर्ने संस्थाको पूर्व पहिचान गरी सो को अध्यावधिक सूची राख्नु पर्नेछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चिता गरेर मात्र पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पूर्जा सहित प्रेषण गरी विवरण अध्यावधिक गरी राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रेषण भई आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पूर्जा सहित डिस्चार्ज गरी सो को विवरण अध्यावधिक रुपमा राख्नु पर्नेछ ।

(५) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायत खर्च सम्वन्धी व्यवस्था गाउँपालिकाले तोकिए वमोजिम हुनेछ ।

(६) प्रेषण गर्दा प्रेषित गर्ने स्वास्थ्य संस्थाले उपलव्ध गराउने न्युनतम उपकरण र सेवा सुविधाहरू प्रचलित प्रेषण मापदण्ड बमोजिम हुनेछ ।

(७) सेवाग्राहीलाई जानकारी दिनु पर्ने विषयहरुको सम्वन्धमा देहायको कारणवाट सेवाग्राहीलाई जानकारी दिन नसकिने अवस्थामा सेवा प्रदान गर्दाको बखतमा उपस्थित भएको सेवाग्राहीको सबैभन्दा नजिकको नातेदार वा सेवाग्राहीलाई लिई आउने व्यक्तिलाई जानकारी दिनुपर्नेछ :

क. सेवाग्राही अचेत वा अर्धचेतमा भएको अवस्था,

ख. सेवाग्राहीको मानसिक सन्तुलन गुमेको अवस्था,

ग. बोल्न, सुन्न वा देख्न नसक्ने अवस्था र

घ. सेवाग्राहीले अनुमती दिएको अवस्थामा ।

(८) उपदफा (७) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि आकस्मिक अवस्था भै तत्काल उपचार सेवा प्रदान गर्नु परेमा Life Saving Treatment प्रदान गर्नको लागि सेवाग्राही वा उसको नजिकको व्यक्तिलाई सेवा दिनु पूर्व जानकारी प्रदान गर्न नसकिने अवस्था भएमा पूर्व जानकारी दिन बाध्य हुनेछैन ।

**५०.एम्बुलेन्स सेवाः** (१) गाउँपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासँगको सहकार्यमा एम्बुलेन्स सेवा संचालन गनेछ ।

(२) शाखाले गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने हुने एम्बुलेन्सहरू नेपाल सरकार/स्थानिय तहले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरु संचालकलले शाखामा दर्ता तथा वार्षिक नविकरण गराउनुपर्नेछ साथै दर रेट गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(४) गाउँपालिकाले अन्य स्थानीय सरोकारवालाहरुसँगको सहकार्यमा एम्बुललेन्स संजाल निर्माण गर्न सक्नेछन ।

(५) उपदफा (३) बमोजिम दर्ता तथा नविकरण नभएका एम्बुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ ।

## परिच्छेद १४
## विविध

**५१.सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः** (१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भय रहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सबैको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछन् ।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार दण्डनिय हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वस्थ्यकर्मीको कर्तव्य हुनेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

**५२.अभिलेखिकरण तथा प्रतिवेदनः** (१) गाउँपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु गाउँपालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार अभिलेख राख्नुपर्नेछ ।

(२) तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई गाउँपालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न र खारेजका लागि सिफारिस गर्न सक्नेछ ।

(३) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई गाउँपालिकाको कार्यालयबाट एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम दिने व्यवस्था गराउनु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा संघीय सरकारले तोकेको Notifiable Diseases का विरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै गाउँपालिकाको स्वास्थ्य शाखामा सूचना गर्नु पर्नेछ ।

(५) गाउँपालिका वा ईजाजतपत्र प्राप्त स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवार प्राप्त व्यक्तिको दायित्व हुनेछ ।

(६) सम्पुर्ण स्वास्थ्य संस्थाले स्वास्थ्य सम्बन्धी तथ्याङ्क मासिक रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके वमोजीम प्रेषण तथा डि.एच. आइ.एसमा वरिवीष्ट गर्नु पर्नेछ ।

(७) गाउँपालिका तथा सम्वन्धित निकायले माग गरेको अवस्थामा वा कुनैपनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित संस्थाको जिम्वेवारी हुनेछ ।

**५३.गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाबाट संचालित र गाउँपालिका अन्तर्गत संचालित सबै स्वास्थ्य संस्थाहरुले सबैले देख्ने ठाउँमा उजुरी पेटिका राखी उक्त उजुरी पेटिका नियमित खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) सबै स्वास्थ्य संस्थाहरुले नागरीक बडापत्र तयार गरी सवैले देख्ने गरी राख्नु पर्नेछ र सोही अनुसार सेवाको सुनिश्चितता गर्नु पर्नेछ ।

(३) सबै स्वास्थ्य संस्थाहरुले अस्पतालमा आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गर्नु पर्नेछ ।

(४) गाउँपालिकाबाट संचालित र गाउँपालिका अन्तर्गत संचालित स्वास्थ्य सेवा, सरसफाइ सेवा र जनस्वास्थ्यसँग सम्बन्धित गुनासो र उजुरीको संकलन र सो को सम्बोधनका लागि गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई गुनासो व्यवस्थापन अधिकारी तोक्न सक्नेछ ।

(५) उपदफा (४) सँग सम्बन्धित गुनासो र उजुरीका सम्बन्धमा गुनासो व्यवस्थापन अधिकारीले देहाय बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(क) उपदफा (४) बमोजिमका गुनासो र उजुरीहरुको दर्ता गर्ने।

(ख) गुनासो/उजुरीको प्रकृतिको आधारमा सम्बन्धित स्वास्थ्य संस्थालाई जानकारी गराई सोको सम्वोधन बारे जानकारी सम्बन्धित गुनासो/उजुरीकर्तालाई गराउनु पर्ने साथै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई समेत गराउनु पर्नेछ ।

(ग) गुनासो व्यवस्थापन अधिकारीले गुनासो र उजुरीका सम्बन्धमा आवश्यकता अनुसार गुनासो/उजुरीकर्ता र सम्बन्धित स्वास्थ्य संस्थाका प्रतिनिधिबीच बार्ता गराई समस्याको समाधानका लागि सहजीकरण गर्न सक्नेछ । यसरी सहजीकरण मार्फत समाधान गरिएको गुनासो/उजुरीको सम्बन्धमा गाउँपालिकालाई गुनासो व्यवस्थापन अधिकारीले लिखित जानकारी गराउनु पर्नेछ ।

(घ) गुनासो व्यवस्थापन अधिकारीको सहजीकरणमा समेत गुनासो/उजुरीको व्यवस्थापन हुन नसकेमा सोको व्यहोरा सहित ३ दिन भित्र न्यायिक समितिमा आवश्यक कागजात समेत संलग्न राखी पठाउनु पर्नेछ ।

(ङ) न्यायिक समितिले आवश्यकता अनुसार दुवै पक्षलाई झिकाइ गुनासोको व्यवस्थापन गर्नेछ ।

(६) गुनासो व्यवस्थापन अधिकारीले वार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

**५४.स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईनेः** स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन ।

**५५.नियम बनाउने अधिकारः** (१) यो ऐन कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**५६.संक्रमणकालीन व्यवस्था:** (१) यस ऐनले तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले गर्नसक्नेछ।

**५७.बाधा अडकाउ फुकाउने अधिकार:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ।

**५८.खारेजी र बचाउः** (१) यो ऐन बन्नुभन्दा पहिले प्रचलित कानुन अनुसार भएगरेका कामहरु यसै ऐन अनुसार भएको मानिनेछ र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।
(२) संघीय र प्रादेशिक कानूनसँग बाझिन गएमा बझिन गएका यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।